घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
वारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

## सामाजिक विकास महाशाखा

प.स. २०८०/०८१
च. नं. ९६३

मितिः- २०८०।०८।०७

श्री सामूदायिक तथा संस्थागत विद्यालयहरु
घोराही उपमहानगरपालिका घोराही,दाङ ।

विषय :- वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा यस घोराही उपमहानगरपालिकामा संचालित सम्पूर्ण सामूदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यू भएका वा पूर्णरुपमा असक्त वा गम्भीर विरामी भएका कामदारका बालवालिकालाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) वमोजिमको ढाँचामा २०८० साल पौष ८ गते गते भित्र निवेदन पेश गर्न सम्बन्धित विद्यार्थी एवं अभिभावकहरुलाई सूचना सम्प्रेषण गरिदिनुहुन साथै विद्यालयमा पेशहुन आएका निवेदन संकलन गरी वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० वमोजिम निवेदन साथ संलग्न गर्नुपन कागजातहरु जाँचबुझ गरी उपयुक्त ठहर भएका निवेदनहरु यस कार्यविधिको अनुसूची २ को ढाँचामा सिफारिस सहित २०८० पौष १३ गते सम्ममा यस कार्यालयमा पठाउनुहुन अुनरोध छ ।

बिनोद गौतम
अधिकृत स्तर नवौं

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु :-**

१. श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई करार अवधि भित्र मृत्यू वा पूर्णरुपमा असक्त वा गम्भीर विरामी भई वैदेशिक रोजगार वोर्डवाट **शत प्रतिशत(१००) आर्थिक सहायता** लिएका कामदारका छोरा/छोरी ।

२.सामूदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक. वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।

३.**मिति २०८० कार्तिक मसान्तसम्म** उपरोक्त अनुसारको आर्थिक सहायत प्राप्त गर्ने कामदारका वालवालिकालाई मात्र शैक्षिक शत्र २०८० को छात्रवृत्ति उपलब्ध गराईनेछ ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु -नयाँ आवेदकका लागि )**

१. निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
२. वैदेशिक रोजगार गई मृत्यू भएका कामदारको मृत्यू दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. वैदेशिक रोजगार गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण /कागज ।
४. विद्यार्थीको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
५. निवेदक, संरक्षक र कामदारको वीचको नाता प्रमाणको प्रतिलिपि ।
६. विद्यार्थी वा संरक्षकको वैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।
७ कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात
९. शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इमिस) अनुसार यस वर्षको विद्यार्थी परिचयपत्र

**साविकमा प्राप्त गरिरहेका बालवालिकाका लागि**

१ विद्यार्थीको निवेदन । २. अध्ययरत विद्यालयको सिफारिस पत्र ।३.. कामदारको राहदानीको प्रतिलिपि । ४. विद्यार्थी वा संरक्षकको वैंक खाता खुलेको कागजातको प्रतिलिपि ।

वोधार्थः- सूचना तथा प्रविधि शाखा-सूचना वेभपेजमा राखिदिनुहुन ।

अनुसूची-२
(कार्यविधिको दफा ७ (३) सँग सम्वन्धित)
विद्यालयको सिफारिसको ढांचा

मिति : ...............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
..................पालिका ,............।

विषय : सिफारिस सम्बन्धमा।

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग विरामी भइ वोर्डको सचिवालयवाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

संलग्न कागजात

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,
(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,
(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा

मिति : ..................

श्री प्रधानाध्यापकज्यू

..........................

विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ..........................................वैदेशिक रोजगारीका सिलसिलामा मिति .............................. मा .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय वमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

संलग्न कागजातहरू

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

निवेदक

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं